नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## उद्योगहरुवाट निष्काशन हुने फोहोर पानी नदीमा नमिसाउने सम्बन्धमा उद्योग विभागको अत्यन्त जरुरी सूचना !!!

उद्योगहरूबाट फोहोर पानी प्रशोधन नगरी वा मापदण्ड विपरीतको फोहोर पानी नदी, खोलामा सिधै विसर्जन गरी खोला प्रदूषण गरेको सम्बन्धमा विभिन्न माध्यमबाट जनगुनासो तथा उजुरी प्राप्त भएको र पछिल्लो समय विरगञ्ज पथलैया कोरिडोरको सिर्सिया नदी आसपासका उद्योगहरुले निष्कासन गरेको प्रदुषित पानीले दिपावली तथा छठ जस्ता चाडपर्व मनाउन समेत कठिनाई भएको स्थानीय बासिन्दाहरुको गुनासोको विषयमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

दीपावली तथा छठ पर्वको अवसरमा नदीको स्वच्छता कायम राख्ने कार्यमा विशेष संवेदनशील हुन सम्बन्धित सबै उद्योगहरुलाई अनुरोध गरिन्छ। उद्योगहरुबाट निष्कासन हुने फोहोर पानी नेपाल सरकारले निर्धारण गरेको बातावरणीय मापदण्ड अनुरूपको भएको निश्चित गरेर मात्र उद्योगबाट बाहिर पठाउने व्यवस्था मिलाउन र चाडपर्वको अवसरमा उद्योगहरुले डिप बोरिङ (Deep Boring) वा अन्य श्रोतहरुबाट स्वच्छ पानी पठाएर नदी स्वच्छ बनाउने कार्यमा थप सहयोगका लागि समेत सम्बन्धित सबै उद्योगहरुलाई अनुरोध गरिन्छ।

उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, वातावरण विभाग, प्रदेश अन्तर्गतका उद्योग विभाग, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह लगायत अन्य सरोकारवाला निकाय समेतको उपस्थितिमा संयुक्त अनुगमन तथा निरीक्षण गरिनेछ।

कानूनको परिपालना गर्नु सबैको साझा दयित्व भएकोले प्रचलित वातावरणीय कानुन तथा मापदण्डको परिधिभित्र रही नदी प्रदूषण नियन्त्रण तथा नदीको स्वच्छता कायम राख्न सम्बन्धित सबै उद्योगहरूले आवश्यक व्यवस्था मिलाउनका लागि यो सूचना जारी गरिएको छ।

मितिः २०८३/०७/१२

२०८३/०७/१२

निर्देशक

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६४, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)